# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, चैत ४ गते २०६६ साल (अतिरिक्ताङ्क ५०(क)

## भाग ५

### नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

#### सुकुम्बासी समस्या समाधान आयोग, २०६६

मुलुकमा रहेका वास्तविक सुकुम्बासी पहिचान गरी तिनीहरूको समस्या समाधान गर्न नेपाल सरकारले देहाय बमोजिमको सुकुम्बासी समस्या समाधान आयोग गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।

१ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशका प्रयोजनको लागि:

क) सुकुम्बासी: भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपालभित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जनका लागि कुनै व्यापार, व्यवसाय नभएको र कृषि सम्बन्धी श्रम गरी गुजारा चलाएको घर वा जग्गा विहीन नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्छ ।

ख) परिवार: भन्नाले अंश नछुट्टिएको बाबु, आमा, पति, पत्नी, बाजे, बज्यै, छोरा, छोरी, छोराबुहारी, धर्मपुत्र, धर्मपुत्री, नाती र नातिनीलाई सम्झनु पर्छ ।

1066

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) आयोगः भन्नाले दफा २ बमोजिम गठित सुकुम्बासी समस्या समाधान आयोग सम्झनु पर्छ ।

घ) मन्त्रालयः भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

ङ) समितिः भन्नाले दफा ५ बमोजिम गठित सुकुम्बासी समस्या समाधान जिल्ला समिति सम्झनु पर्छ ।

२. आयोगको गठनः (१) आयोगको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) नेपाल सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| ख) नेपाल सरकारले तोकेको व्यक्ति | उपाध्यक्ष |
| ग) नेपाल सरकारले तोकेको विभिन्न राजनीतिक दलका बढीमा ८ जना व्यक्ति | सदस्य |
| घ) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| ङ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | सदस्य |
| च) सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| छ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| ज) मन्त्रालयले तोकेको नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत | सदस्य-सचिव |

(२) आयोगको बैठकमा आवश्यकतानुसार कुनै सरकारी कर्मचारी, बिशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) आयोगले आफ्नो कार्यविधि आफैं बनाउने छ ।

३. आयोगको कार्यालयः आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। आयोगले आवश्यकता अनुसार काठमाडौं उपत्यका बाहिर आफ्नो शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

४. आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) मुलुकको विभिन्न ठाउँमा रहेका सुकुम्बासी परिवारहरूको पहिचान गरी लगत तयार गर्ने/गराउने,

ख) सुकुम्बासीलाई बसोबासको व्यवस्था गर्न सकिने सरकारी जग्गाको पहिचान गरी लगत तयार गर्ने/गराउने,

ग) देहायका विषयहरूमा अध्ययन तथा विश्लेषण गरी नेपाल सरकारलाई सुझाव दिनेः–



8901

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१) वन, ऐलानी, पर्ति लगायतका अन्य सरकारी जग्गामा हुने गरेको अतिक्रमणको कारण पत्ता लगाई भविष्यमा त्यस्तो अतिक्रमण हुन नदिनका लागि अवम्लवन गरिनु पर्ने उपायहरू,

२) सुकुम्बासी र अव्यवस्थित बसोबासको कारणहरू,

३) सकुम्बासीहरूको जीविकोपार्जनका बैकल्पिक उपायहरू,

४) सुकुम्बासी, अव्यवस्थित बसोबासी र नदी कटान सम्बन्धी समस्या समाधानका लागि अपनाउनु पर्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू ।

घ) विगतमा गठित सुकुम्बासी सम्बन्धी आयोग वा समितिबाट सम्पन्न भएका र अधुरा रहेका कार्यहरूको विषयमा छानबीन गरी वा गराई अधुरा कामहरू पूरा गर्ने र अनियमित देखिएका कामहरू बदर गराउने तर्फ आवश्यक कारवाही गर्ने ।

ङ) आयोगको कामसँग सम्बन्धित आवश्यक फारामहरू तयार गरी कार्यान्वयनमा ल्याउने ।

च) आयोगलाई तोकिएको काम, कर्तव्य र अधिकारमध्ये सबै वा केही कार्य समिति मार्फत् गराउने । समितिले आयोगको अधिकार प्रयोग गर्दा कुनै विषयमा विवाद वा जटिलता देखिएमा निर्ण को लागि आयोग समक्ष पेश गर्न लगाउने ।

छ) माथि उल्लेखित काम, कर्तव्य र अधिकारको कार्यान्वयनका सन्दर्भमा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।

ज) माथि उल्लेखित काम, कर्तव्य र अधिकारको कार्यान्वयनका विषयमा आवश्यक निर्देशन तथा सूचनाहरू जारी गर्ने ।

५ <u>समितिको गठन</u>:

१) आयोगको काममा सहयोग पुऱ्याउन आयोगले तोके बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी अनुसूचीमा उल्लेख भएका जिल्लाहरूमा देहाय बमोजिमका पदाधिकारीहरू रहेको सुकुम्बासी समस्या समाधान जिल्ला समिति रहनेछः—

| | |
|---|---|
| क) मन्त्रालयले तोकेको व्यक्ति | अध्यक्ष |
| ख) मन्त्रालयले तोकेको व्यक्ति | उपाध्यक्ष |
| ग) विभिन्न राजनैतिक दलका बढीमा पाँच जना प्रतिनिधि | सदस्य |

1068



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि — सदस्य

ङ) भूमिसुधार अधिकारी — सदस्य

च) प्रमुख, नापी कार्यालय — सदस्य

छ) जिल्ला वन अधिकृत — सदस्य

ज) सदरमुकाम रहेको नगरपालिका वा गाउँ विकास समितिको प्रतिनिधि — सदस्य

झ) प्रमुख, मालपोत कार्यालय (दुई वटा मालपोत कार्यालय रहेको जिल्लाको हकमा सदरमुकाममा रहेको मालपोत कार्यालयको प्रमुख) — सदस्य-सचिव

२) समितिले आवश्यकता अनुसार स्थानीय राजनीतिक दलका प्रतिनिधि, अन्य कुनै व्यक्ति वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ ।

४) समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक कार्य-विधि बनाउन सक्नेछ र आयोगबाट स्वीकृति लिई त्यस्तो कार्यविधि कार्यान्वयनमा ल्याउने छ ।

६. आर्थिक कार्य प्रणालीः (१) आयोग र समितिलाई आवश्यक पर्ने बजेट आयोगको माग अनुसार अर्थ मन्त्रालयले उपलब्ध गराउने छ ।

२) आयोग र समितिको कार्य सञ्चालनका लागि आयोगको नाउँमा छुट्टै खाता खोलिनेछ ।

३) आयोग र समितिको खाता सञ्चालन आयोगका सदस्य-सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

७. कार्यावधिः (१) आयोगको कार्यावधि काम शुरु गरेको मितिले एक वर्षको हुनेछ र तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेमा आयोगको अनुरोधमा नेपाल सरकारले बढीमा ६ महीनासम्म म्याद थप गर्न सक्नेछ ।

२) आयोग वा कुनै पदाधिकारीको काम कारबाही सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिशमा नेपाल सरकारले आयोगको विघटन वा पदाधिकारीहरूको हेरफेर गर्न सक्नेछ ।



6901

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३) आयोगको अन्तिम प्रतिवेदन पेश भएपछि आयोग स्वतः विघटन हुनेछ।

८. कर्मचारी सम्बन्धी व्यवस्था: आयोग र समितिलाई आवश्यक पर्ने कर्मचारीहरू आयोगको कार्यावधिसम्मका लागि मन्त्रालय वा अन्तर्गतका कार्यालय वा नेपाल सरकारका अन्य निकायहरूबाट उपलब्ध गराइनेछ ।

९. निर्देशन दिन सक्ने: आयोगको काम कारवाहीको विषयमा मन्त्रालयले आयोगलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

१०. आयोगको प्रतिवेदन: आयोगले आफ्नो त्रैमासिक एवं अन्तिम प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नेछ ।

११. नेपाल सरकारसँग सम्पर्क: आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१२. अन्य निकायसँगको सम्बन्ध: (१) आयोगले नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) आयोगले राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोग लिँदा र सहकार्य गर्दा मन्त्रालयको स्वीकृत लिनु पर्नेछ ।

१३. बाधा अड्काउ फुकाउने अधिकार: यो आदेश कार्यान्वयनको क्रममा आई पर्ने बाधा अड्काउ फुकाउन मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

## अनुसूची–१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित जिल्लाहरू)

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १ | झापा | १० | सर्लाही | १८ | रुपन्देही |
| २ | मोरङ्ग | ११ | रौतहट | १९ | कपिलवस्तु |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1070

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सुनसरी | १२ | बारा | २० | दाङ्ग |
| ४ | सप्तरी | १३ | पर्सा | २१ | बाँके |
| ५ | उदयपुर | १४ | मकवानपुर | २२ | बर्दिया |
| ६ | सिन्धुली | १५ | चितवन | २३ | कैलाली |
| ७ | सिराहा | १६ | नवलपरासी | २४ | कञ्चनपुर |
| ८ | धनुषा | १७ | कास्की | २५ | सुर्खेत |
| ९ | महोत्तरी | | | | |

आज्ञाले,
छविराज पन्त
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रु. ५।-
गो.द्व.द.नं. १६।२०६२।६३

1801

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।